# सूर्योदय राजपत्र

सूर्योदय नगरपालिकाद्वारा प्रकाशित

खण्ड (४), फिक्कल, इलाम, १ नं. प्रदेश, नेपाल, असोज ९ गते २०७७ साल, संख्या ७

## भाग-२

नेपालको संबिधानको धारा २२३ को उपधारा (१) बमोजिम गठन भएको यस सूर्योदय नगरपालिकाको कार्यपालिकाले बनाएको तल लेखीए बमोजिमको नियमावली/कार्यबिधि तथा निर्देशिका सर्बसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## सूर्योदय नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने कार्यविधि२०७४लाई दोस्रो पटक संशोधन गर्न बनेको कार्यविधि२०७७

**कार्यपालिकाबाट स्वीकृत मिति२०७७/०६/०९**

सूर्योदय नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने कार्यविधि २०७४ लाई समय सापेक्ष संशोधन गर्न बान्छनीय भएकोले सूर्योदय नगरपालिकाको कार्यपालिकाले यो कार्यविधि जारी गरी लागू गरिएको छ।

१. यो कार्यविधिको नाम "सूर्योदय नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने कार्यविधि २०७४लाई दोस्रो पटक संशोधन गर्न बनेको कार्यविधि ,२०७७" रहेको छ।

२. यो कार्यविधि कार्यपालिकाबाट पारित भई राजपत्रमा प्रकाशन भएपछि लागू हुनेछ।

३. **सूर्योदय नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने कार्यविधि २०७४** (यस पछि "मूल कार्यविधि" भनिएको)**दफा** ४ को उपदफा (४) पछि उपदफा (५) र (६) थप गरिएको छ।

उपदफा ५ ***"यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि कुनै पनि पदको विज्ञापन आव्हान गर्दा माग संख्याको ५ गुना वा सो भन्दा वढी उम्मेद्वारको दरखास्त परेमा सूचिकरण नगरी लिखित तथा मौखिक परिक्षा संचालन गरी योग्यता पुगेका सबैलाई परिक्षामा सामेल गरिने छ"।***

उपदफा ६ ***"उपदफा ४को अवस्थामा लिखित तथा मौखिक परिक्षा लिदा लोकसेवा आयोगको पाठयक्रम अनुसार लिइनेछ"।***

४. मूल कार्यविधिको दफा ७को उपदफा (२) पछि (२क) थप गरिएको छ।

(२क) ***"जुन आर्थिक वर्षमा विज्ञापन आव्हान गरि करारमा कर्मचारी नियुक्ती गरिएको हो सोहि आव.मा कुनै पनि कर्मचारीले राजिनामा दिएमा राजिनामा दिएको मितिले७ दिन भित्र बैकल्पिक उम्मेद्वारलाई प्राथमिकताका आधारमा करार सम्झौताका लागि सूचना दिनुपर्नेछ। यसरी तोकिएको अवधी भित्र करार सम्झौता गर्न आउने बैकल्पिक उम्मेदवारसँग कार्यालयले अनुसूची - १ बमोजिमको कार्य-विवरण सहित अनुसूची - ४ बमोजिमको ढाँचामा करार गर्नुपर्नेछ । उक्त अवधि भित्र सम्पर्क राख्न नआएमा प्राथमिकताका आधारमा क्रमशः अन्य वैकल्पिक उम्मेदवारलाई सूचना दिई करार गर्न सकिनेछ"।***

# <u>सूर्योदय नगरपालिकाको लैङ्गिक हिंसा निवारण कोष(सञ्चालन) कार्यविधि, २०७७</u>

कार्यपालिका बैठक-२०७७/०६/०९

**<u>प्रस्तावना</u>** : समाजमा बढ्दै गइरहेको लैङ्गिक हिंसा निवारणका लागि कोष स्थापना गर्न वान्छनीय देखिएकाले प्रशासकीय कार्यविधि (नियमित गर्ने) एन, २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी सूर्योदय नगरपालिकाले यो कोष सञ्चालन सम्बन्धि कार्यविधि बनाई लागू गरिएको छ ।

**<u>१.संक्षिप्त नाम र प्रारम्भ :</u>** (१) यो कार्यविधिको नाम "लैङ्गिक हिंसा निवारण कोष (संञ्चालन)"कार्यविधि, २०७७ रहेको छ ।

(२) यो कार्यविधि सूर्योदय नगरपालिका नगर कार्यपालिकाबाट स्वीकृत भई लागू हुनेछ ।

**<u>२.परिभाषा :</u>**विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा ,

(क) "कार्यालय" भन्नाले सूर्योदय नगरपालिका नगरकार्यपालिकाको कार्यालय सम्झनु पर्छ ।

(ख) "कोष"भन्नाले नियम ३ बमोजिमको लैङ्गिक हिंसा निवारण कोष सम्झनु पर्छ ।

(ग) "पीडित " भन्नाले लैङ्गिक हिंसाबाट पीडित वा प्रभावित व्यक्ति सम्झनु पर्छ ।

(घ) "तत्काल उद्धार तथा राहत समिति " भन्नाले नियम ८ बमोजिमको तत्काल उद्धार तथा राहत समिति सम्झनु पर्छ ।

(ङ) "लैङ्गिक हिंसा" भन्नाले कार्यस्थल, सार्वजनिक स्थल, घरपरिवारमा हुने मानसिक, शारिरिक तथा यौनजन्य दुर्व्यवहार, सामाजिक कुरीतिजन्य व्यवहार लगायत लिङ्गका आधारमा हुने हिंसा सम्झनु पर्छ।

**<u>३. कोषको स्थापना :</u>** (१) सूर्योदय नगरपालिकामा लैङ्गिक हिंसा निवारण कोष नामको एक कोष स्थापना गरिएको छ ।

(२) कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन् ।

(क) नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त रकम ,

(ख) सूर्योदय नगरपालिकाको आफ्नै स्रोतको रकम ,

(ग)विदेशी व्यक्ति, अन्तराष्ट्रिय संघ संस्था वा सरकारबाट प्राप्त रकम,

(घ)स्वदेशी व्यक्ति वा संघ वा संस्थाबाट प्राप्त रकम,

(ङ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

४. कोषमा रकम जम्मा गर्ने : लैङ्गिक हिंसामा परेका व्यक्तिहरुका हक हीतको संरक्षणका लागि नगरपालिकाले बार्षिक रुपमा तोके बमोजिमको रकम कोषमा जम्मा गर्नु पर्नेछ ।

**<u>५.कोषको उपयोगः (</u>**१) कोषको रकम देहायको कामको लागि पीडितलाई उपलब्ध गराउन उपयोग गरिनेछ :-

(क) तत्काल उद्धार गर्न,

(ख) औषधि उपचार गर्न,

(ग) राहत प्रदान गर्न तथा आर्थिक सहयोग उपलब्ध गराउने,

(घ) कानूनी सहायता,मनोवैज्ञानिक उपचार तथा मनोविमर्स प्रदान गर्न,

(ङ) कुनै व्यवसाय गर्नको लागि वीउँ पूँजी (सिड मनि)को रुपमा प्रदान गर्न,

(च) पुन र्स्थापना गराउन,

(२)उपनियम (१)मा जुनसुकै कुरा लेखिएको भएतापनि सञ्चालक समितिले लैङ्गिक हिंसाबाट पीडित बालबालिका तथा किशोर किशोरी वा लैङ्गिक हिंसाबाट प्रभावित भई लागू पदार्थको दुर्व्यसनमा फसेका वा मानसि क रोगी भई सडकमा आएका व्यक्तिलाई प्राथमिकता दिई कोषको रकम खर्च गर्न सक्नेछ ।

<u>**६. कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने :**</u>(१) कोषको रकम नियम ५ मा लेखिए बाहेकको अन्य कार्यमा उपयोग गर्न सकिने छैन ।

(२)उपनियम (१)मा जुनसुकै कुरा लेखिएको भएतापनि तत्काल उद्धार तथा राहत समितिको बैठङ्क सञ्चालन गर्न लाग्ने खर्चको लागि कोषको रकम उपयोग गर्न सकिनेछ ।

७. पिडीतलाई रकम उपलब्ध गराउने : पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनको लागि तत्काल उद्धार तथा राहत समितिले गरेको निर्णयनुसार कार्यालयले रकम नियमानुसार उपलब्ध गराउने छ ।

<u>**८. तत्काल उद्धार तथा राहत समितिको गठन :**</u>(१) पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनका लागि सूर्योदय नगरपालिकामा एउटा तत्काल उद्धार तथा राहत समिति रहनेछ ।

(२)तत्काल उद्धार तथा राहत समितिको गठन देहाय बमोजिम हुनेछ ।

(क) नगर उप-प्रमुख - अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) प्रमुख, इलाका प्रहरी कार्यालय - सदस्य

(घ)नगर सभा सदस्य ( महिला-२जना)- सदस्य

(ङ)लैङ्गिक हिंसा निवारणको क्षेत्रमा कार्यरत स्थानिय तहमा गैर सरकारी संस्थाहरु मध्येबाट समितिले तोकेको संस्थाको प्रतिनिधि १ जना - सदस्य

(च)महिला, बालबालिका तथा समाजकल्याण शाखा - सदस्य - सचिव

(३) उपनियम(२)को खण्ड(ङ) बमोजिमको सदस्यको पदावधि ३ वर्षको हुनेछ ।

(४) तत्काल उद्धार तथा राहत समिति सूर्योदय नगरकार्यपालिकाको कार्यालयमा रहनेछ ।

(५) तत्काल उद्धार तथा राहत समितिको बैठक सम्वन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

<u>**९. तत्काल उद्धार तथा राहत समितिको काम, कर्तव्य र अधिकार :**</u> तत्काल उद्धार तथा राहत समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने,

(ख) राहत तथा  आर्थिक सहयोगको सदुपयोग भए वा नभएको सम्बन्धमा अनुगमन गर्ने वा गराउन,

(ग) स्थानीय तहमा लैङ्गिक हिंसा निवारणको क्षेत्रमा कार्यरत विभिन्न संघ    , संस्था तथा निकायहरु वीच समन्वय गर्ने,

(घ) लैङ्गिक हिंसा हुन नदिनको लागि स्थानीयस्तरमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,

**<u>१०. राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने रकमको हद र आधार   :</u>**(१)यस नियमावली बमोजिम पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउँदा देहायको आधारमा देहायको रकममा नबढ्ने गरि उपलब्ध गराईनेछ ।

(क)पीडितलाई तत्काल  उद्धार गर्नु पर्ने भएमा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधनबाट यात्रा गर्दा लाग्ने भाडा रकम , खाना खर्चवापत र बास बस्नु पर्ने भए सो वापत छुट्टै रकम दिने,

(ख) पीडितलाई अस्पतालमा भर्ना गरि औषधी उपचार गर्नु पर्ने भएमा अस्पताल आँउदा जाँदा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी  साधन प्रयोग गर्दा लाग्ने भाडा रकम  , खाना खर्च, अस्पतालमा बस्ने व्यवस्था नभई बाहिर बस्नु परेमा बढीमा तीन दिनको बास खर्च र उपचार खर्च , अस्पतालमा बस्ने व्यवस्था नभई वाहिर बस्नु परेमा बढीमा तीन दिनको बास खर्च समेत उपलब्ध गराउने,

(ग) कानूनी सहायता, मनोवैज्ञानिक उपचार वा मनोविमर्शका लागि पाँच हजार रुपैयाँमा नबढ्ने गरी लागेको यथार्थ खर्च,

(घ) कुने व्यवसाय गर्नको लागि वीउँ पूँजीको रुपमा बस्तुगत तथा नगद अनुदान समेत गरी बढीमा वीस हजार रुपैयाँ,

(ङ) पुन स्थापनाको लागि बढीमा पाँच हजार रुपैयाँ,

(च) तत्काल उद्धार तथा राहत समितिले तोकै बमोजिमको अन्य कामको लागि कामको प्रकृति हेरी बढीमा दश हजार रुपैयाँ,

(२)उपनियम(१)बमोजिमको रकम अपर्याप्त भएको मनासिव आधार र प्रमाण सहित कुनै पीडितले कार्यालयमा निवेदन दिएमा र सो व्यहोरा मनासिव देखिएमा समितिले त्यस्तो पीडितलाई मनासिव रकम थप गरी दिन सक्नेछ ।

**<u>११. राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिनु पर्ने:</u>**(१)यस कार्यविधि बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पीडित वा सरोकारवाला व्यक्तिले राहत तथा आर्थिक सहयोग पाउनु पर्ने मनासिव कारण खुलाई वडा कार्यालयको सिफारिस सहित  महिला,बालबालिका तथा समाजकल्याण शाखामा निवेदन दिनु पर्नेछ ।

**<u>१२. तत्काल रकम उपलब्ध गराउन सक्ने:</u>** (१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि पीडितलाई तत्काल उद्धार , औषधि उपचार, पुर्नस्थापना वा राहत तथा आर्थिक सहयोग प्रदान नगरेमा गम्भिर तथा मानवीय क्षति हुने देखिएमा सञ्चालक समितिको अध्यक्षले

सो प्रयोजनको लागि कोषबाट रु.१००००।-(रु.दश हजार मात्र) नवढ्ने गरि मनासिव रकम सम्बन्धित पीडितलाई उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा(१)बमोजिमको अवस्था परि समितिको अध्यक्षबाट पीडितलाई रकम उपलब्ध गराईएकोमा त्यसरी रकम उपलब्ध गराईए पछि बस्ने समितिको बैठकबाट सो विषयको अनुमोदन गराउनु पर्नेछ ।

१३. **छुट्टै खाता खोल्नु पर्ने :** (१) नगरपालिकाबाट प्राप्त भएको रकम नगरपालिकाको सरकारी कारोवार गर्ने बाणिज्य बैंकमा रहेको विविध कोषको खातामा जम्मा गर्नु पर्ने छ ।

(२) कोषको कारोवारको अभिलेख राख्नका लागि छुट्टै वजेट उ पशिर्षकको व्यवस्था गर्नु पर्नेछ।

(३) उपनियम (१) बमोजिमको खाताको सञ्चालन प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

१४. **कोषको लेखा र लेखा परिक्षण :** (१) कोषको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।

(२) कोषको अन्तिम लेखा परीक्षण महालेखा परिक्षकबाट हुनेछ ।

१५. **आवर्ति (रिभल्भीङ ) कोष :** यो कोष आवर्ति (रिभल्भीङ ) कोषको रुपमा रहनेछ ।

१६. **प्रतिवेदन पेश गर्ने :** (१)तत्काल उद्धार तथा राहत समितिले प्रत्येक चौमासिकमा सो समितिबाट भए गरेका प्रतिवेदन कार्यपालिका समक्ष पेश गर्नुपर्नेछ ।

(२) कार्यालयले बार्षिक रुपमा प्रतिवेदन सार्वजनिक गर्नु पर्नेछ ।

१७. **बैठक भत्ता :** सञ्चालक समितिका अध्यक्ष वा सदस्यले सो समितिको बैठकमा भाग लिए वापत नगरकार्यपालिकाले तोके बमोजिमको रकम बैठक भत्ता वापत पाउनेछन् ।

१८. **निर्देशन दिन सक्ने :** कार्यपालिकाले तत्काल उद्धार तथा राहत समितिको काम कारवाहीको सम्वन्धमा सो समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

आज्ञाले<br>
प्रकाशराज पौडेल<br>
प्रमुख प्रशासकीय अधिकृत